## मिति २०८१ साउन २० गते बसेको मन्थली नगरपालिकाको

## कार्यपालिकाको ३० औं बैठकका निर्णयहरु

निर्णय नं. १

कार्यपालिकाको अघिल्लो २९ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगति बारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

निर्णय नं. २

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८१/८२ मा सञ्चालन हुने आयोजना सञ्चालन लगायतका खरिदजन्य कार्यका लागि जिल्ला दररेट निर्धारण समितिले पारित गरेको दररेटलाई नै नगरपालिकाको पनि दररेट कायम गर्ने ।

निर्णय नं. ३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल काठमाण्डौबाट प्राप्त निर्देशनको अक्षरसः पालना गर्ने

निर्णय नं. ४

मन्थली नगरपालिकाको वार्षिक समीक्षा बैठक मिति २०८१ भाद्र १ र २ गते नगरपालिकाको सभा हलमा सञ्चालन गर्ने ।

निर्णय नं. ५

मन्थली नगरपालिकाको वडा नं. ३ र ४ को सिमानामा रहेको घ्याप्चेको पहिरोको कारण रणजोर खोलाको सतह बर्षेनी उकासिदो अवस्थामा रहेको, रणजोर खोलाको सतह उकासिदै गएको कारण खोला किनारका बस्ती, खेतीयोग्य जमिन, पक्की तथा झोलुङ्गे पुल र सदरमुकाम मन्थली वजार समेत जोखिममा रहेकाले खोलाको सतह बढ्न नदिन वर्षायाम विशेष गरी असार, साउन र भदौ महिनामा संघीय सरकार र प्रदेश सरकारबाट जारी नदिजन्य पदार्थ संकलन र उपयोग कार्यविधिको अधिनमा रही खोलाको बाढीले ल्याउने ढुँगा जनशक्ति प्रयोग गरी संकलन गर्न र संकलित ढुंगा निकासी गर्ने व्यवस्था मिलाउन जिल्ला विपद व्यवस्थापन समिति र जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने ।

**निर्णय नं. ६**

वालमैत्री शासनयुक्त नगरपालिका घोषणा तयारीका लागि निर्माण भएको नगरस्तरीय लगानी योजना पारित गर्ने ।

**निर्णय नं. ७**

मन्थली नगर क्षेत्रभित्र रहेका वालवालिकाको अवस्थाको अध्ययन गरी नगरपालिकाबाट तयार भएको वालवस्तुगत विवरण (पार्श्वचित्र) अनुमोदन गर्ने ।

**निर्णय नं. ८**

विधेयक समितिबाट वैठकमा पेश भएका देहाय बमोजिमका कार्यविधिहरु अध्ययन गरी आगामी वैठकमा सुझाव पेश गर्ने ।

१. वहाल कर व्यवस्थापन कार्यविधि २०८१
२. पर्यटन वोर्ड गठन तथा व्यवस्थापन कार्यविधि २०८१

**निर्णय नं. ९**

विगत केही दिनदेखिको वर्षातका कारण क्षति पुगेका घर टहरा खेतीयोग्य जमिन सडक लगायतका संरचना र जमिनको वडास्तरबाट लगत संकलन गरी सोको व्यवस्थापनको कार्यका लागि नगर तथा प्रदेश सरकारको सहयोगका लागि प्रक्रिया अगाडि वढाउने । अवरुद्ध भएका सार्वजनिक यातायात सञ्चालन हुने सडक सुचारु गर्न सम्भव भएसम्म नगरपालिकाको उपकरणबाट र सम्भव नभएका स्थानमा भाडाका उपकरण समेतको प्रयोग गरी नगरपालिका तथा वडा समितिको समन्वयमा कार्य अगाडि वढाउने ।

**निर्णय नं. १०**

लक्षित वर्गलाई उपलब्ध गराउदै आएको सामाजिक सुरक्षा भत्ताको सहज वितरणका लागि सम्बन्धित बैंकका प्रतिनिधीको समेतको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी सहजिकरण गर्ने ।

**निर्णय नं. ११**

मन्थली नगरपालिकाबाट गत आ.व.मा सम्पन्न भएका योजनाहरुको अवस्था, प्रभाव र असर मूल्यांकनका लागि अनुगमन गरी प्रतिवेदन तयार गर्न देहाय वमोजिमको कार्यदल गठन गर्ने ।

१. श्री ईश्वरी वस्नेत उपप्रमुख -संयोजक

२. श्री सुरन्द्र वहादुर कार्की संयोजक पूर्वाधार विकास समिति -सदस्य

३. श्री राजन घिमिरे वडाध्यक्ष -सदस्य

४. श्री नविन कार्की वडाध्यक्ष -सदस्य

५. श्री गणेश माझी कार्यपालिका सदस्य -सदस्य

६. श्री लोकेन्द्र वुढाथोकी सब इन्जिनियर -सदस्य

७. श्री डिल्ली वहादुर अधिकारी इन्जिनियर -सदस्य सचिव

निर्णय नं. १२

मन्थली नगरपालिकाबाट सञ्चालन हुने आयोजनाहरुको सम्बन्धित वडा समितिसँग समन्वय गरी लागत स्टमेट तयारी गरी आयोजनाको कार्य अगाडि बढाउने ।

निर्णय नं. १३

मन्थली नगरपालिकाभित्र हुने धार्मिक तथा कला साँस्कृतिक कार्यक्रमका लागि आवश्यक सहयोग उपलब्ध गराउने अखितयारी नगर प्रमुखलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. १४

मन्थली नगरपालिकाको नगर युवा परिषद सञ्चालन ऐन २०७९ को दफा ५ (१)(ख) मा व्यवस्था भए बमोजिमको रिक्त उपाध्यक्ष पदमा साविकमा उपलब्ध गराए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरी मनपा ७ बस्ने छत्र वहादुर मुग्रातीलाई मनोनयन गर्ने ।

निर्णय नं. १५

मन्थली नगरपालिकाभित्र सञ्चालन हुने पूर्वाधारजन्य कार्यको एकरुपता कायम गर्न र दोहोरोपना हुन नदिन पूर्वाधारजन्य आयोजना सञ्चालन गर्ने पूर्वाधार विकास कार्यालय, सघन सहरी तथा भवन निर्माण आयोजना, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय लगायतका प्रदेशस्तरका तथा संघीय कार्यालहरुसँग समन्वय वैठकको आयोजना गर्न नगरपालिकालाई निर्देशन दिने।